# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्याः
च. नं.:

## प्रेस विज्ञप्ति

रसुवाको भोटेकोशी नदीमा बुधवार बिहान आएको आकस्मिक बाढीपहिरोका कारण भएको अकल्पनीय जनधनको क्षतिप्रति विश्वविद्यालय अनुदान आयोग गहिरो दुःख व्यक्त गर्दछ। यस दुःखद् घडीमा प्रभावित सम्पूर्ण महानुभावहरूमा धैर्यधारण गर्न हार्दिक अनुरोध गर्दछौं। बाढीपहिरोका कारण प्रभावित तथा क्षतिग्रस्त क्याम्पस, विद्यार्थी, शिक्षक, कर्मचारीलगायत सम्पूर्ण प्रभावित समुदायप्रति विश्वविद्यालय अनुदान आयोगको गहिरो सहानुभूति, ऐक्यबद्धता र साथ रहेको व्यहोरा व्यक्त गर्दछौं।

प्राकृतिक विपद्का कारण क्याम्पसका भौतिक पूर्वाधारमा पुगेको क्षति तथा प्रतिकूल परिस्थितिमा रहेका विद्यार्थी, शिक्षक र कर्मचारीलाई आवश्यक सहयोग उपलब्ध गराउन विश्वविद्यालय अनुदान आयोग आवश्यक पहल, सहयोग र समन्वयका लागि पूर्ण रूपमा क्रियाशील तथा प्रतिबद्ध रहेको व्यहोरा समेत जानकारी गराउँदछौं।यस विपद्को कठिन परिस्थितिमा सम्पूर्ण प्रभावितहरूको तत्काल उद्धार, आवश्यक स्वास्थ्योपचार, राहत तथा शीघ्र पुनर्स्थापनाका लागि सम्बन्धित सबै पक्षबाट आवश्यक पहल हुने अपेक्षा गर्दछौं। साथै, प्रभावितहरूको सामान्य जनजीवन यथाशीघ्र सहज र सुरक्षित बनाउन सकियोस् भन्ने कामना गर्दछौं।

डा. केदारप्रसाद आचार्य

निर्देशक तथा प्रवक्ता

मितिः २०८२।५।११

सानोठिमी, भक्तपुर, फोनः ६६३८४५८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्सः ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल
ईमेलः ugc@ugcnepal.edu.np, Website: www.ugcnepal.edu.np